# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल


पत्र संख्या :- २०८१/८२
च.नं. :-

मिति: २०८१/०७/१३

**रत्ननगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको सयपत्री फूल खेती प्रोत्साहन अनुदान कार्यक्रम सम्बन्धी सूचना**
सूचना प्रकाशित मिति २०८१/०७/१३

प्रस्तुत विषयमा रत्ननगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रत्ननगर, चितवनको चालु आ.ब. २०८०/०८१ को स्वीकृत कार्यक्रम अर्न्तगत **फूल खेती प्रोत्साहन अनुदान कार्यक्रम**बाट आर्थिक विकास समितिको मिति २०८१।०७।११ गतेको निर्णयानुसार सयपत्री खेती गर्ने कृषकहरुलाई प्रति कठ्ठा रु १५०० (एक हजार पाँच सय) प्रोत्साहन रकम अनुदान उपलब्ध हुने हुदा यस कार्यक्रममा सहभागी हुन ईच्छुक कृषक/कृषि फर्म/कृषक समूह र सम्बन्धित सबै सरोकारवालाहरुलाई निम्नानुसारको कागजातहरु संलग्न राखी कृषि तथा पशुपन्छी विकास शाखामा आबेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

(१) निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
(२) सम्बन्धित निकायमा कृषि फर्म/कृषि समूह/सहकारी/संस्था/समिति दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
(३) पान दर्ता प्रमाणपत्रको प्रतिलिपि (संस्थाको हकमा),
(४) आर्थिक वर्ष २०८०।८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि (संस्थाको हकमा),
(५) कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा जमीन) को धनीपुर्जा वा भाडाको हकमा कम्तिमा ५ वर्षको सम्झौतानामाको प्रतिलिपि,
(६) संस्थाको निर्णय प्रतिलिपि,
(७) सम्बन्धित टोल विकास संस्था र वडा कार्यालयको सिफारिस पत्र,
(८) खेती गरिएको जग्गाको भूमिकर राजश्व दाखिला भौचरको प्रतिलिपि
(९) खेती गरिएको सयपत्रीको रंगिन फोटो (उत्पादक कृषक सहित)

नोट:

- यसै सयपत्री खेतीका लागि अन्य सरकारी तथा गैर सरकारी संस्था वा निकायबाट कुनैपनी प्रकारको अनुदान प्राप्त नगरेको हुनुपर्नेछ ।
- एकै स्थानमा कम्तिमा १ (एक) कठ्ठा क्षेत्रफलमा (कम्तिमा ८०० बोट) सयपत्री खेती हुनुपर्नेछ ।

नोट: आवश्यक प्रस्तावना/निवेदन फारम रत्ननगर नगरपालिकाको कार्यालय र वेवसाईट www.ratnanagarmun.gov.np वा ratnanagarkrishi.gov.np बाट वा सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।


फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्स: ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, Website: www.ratnanagarmun.gov.np